# हाम्रो श्रम किन कम ?

## मर्यादित श्रम अभियान



**अभियानको अगुवाई: अनौपचारिक क्षेत्रका महिला श्रमिकहरू**

actionaid

# पृष्ठभूमि:

# हाम्रो श्रम किन कम?

विश्वको पूँजीवादी आर्थिक प्रणालीले आम्दानीमा गहिरो असमानता सिर्जना गरेको छ, विशेषत: अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकहरु जसमा महिलाहरुको संख्यात्मक बहुमत छ । न्यून ज्याला, असुरक्षित रोजगारी, सीमित अवसर, कार्यस्थलमा हिंसा, लैङ्गिक विभेद र श्रम शोषणको शिकार छन्। अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वभर करिब २ अर्ब श्रमिक अनौपचारिक क्षेत्रमा छन्, जसमा ६१% महिला छन् । नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/२०१८ अनुसार ८४.६५% रोजगारी अनौपचारिक छन् र तीमध्ये ८५% महिला श्रमिक छन् । समान कामका लागि महिलाले औसत रु ५३१ मात्र पाउँछन् जबकि पुरुषले रु ५६५। धेरैले काम गरे पनि ज्याला नपाउने अवस्था छ । आर्थिक गतिविधिमा संलग्न ठूलो जनसंख्या अनौपचारिक श्रमिकहरु राज्यको नियन्त्रण र संरक्षणको परिधिभन्दा बाहिर रहेको अवस्था छ र उनीहरुलाई राज्यबाट सुरक्षा प्रदान गरिएको अवस्था छैन ।




नेपालको संविधान २०७२, धारा १६ (सम्मानपुर्वक बाँच्न पाउने हक), धारा १८ (समानताको हक), धारा २९ (शोषण विरुद्धको हक)धारा ३३ (रोजगारीको हक), धारा ३४ (श्रमको हक), धारा ३८ (महिलाको हक), धारा ४३ (सामाजिक सुरक्षाको हक) , श्रम ऐन २०७४ र श्रम नियमावली २०७५,तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५ ले श्रमिकलाई मर्यादित काम, सामाजिक सुरक्षा र श्रमिक अधिकारको प्रत्याभूति गरेको छ तर अनौपचारिक श्रमिकहरुका लागि विशेष अधिकार स्पष्ट रुपमा प्रत्याभूत गर्न नसक्दा उनीहरु अन्याय र आर्थिक शोषणको शिकार भएका छन्। अपर्याप्त कानुनी प्रावधान र फितलो कार्यान्वयनका कारण संविधानले सुनिश्चित गरेका अधिकारहरु व्यवहारमा लागू हुन सकेका छैनन् त्यसैले, लैङ्गिक समानता र सामाजिक न्याय सुनिश्चित गर्न व्यवहारिक सुधार र प्रभावकारी कार्यान्वयन अनिवार्य छ।

## मर्यादित श्रम के हो ?

मर्यादित श्रमले उत्पादनशील कामलाई जोड दिन्छ जसले न्यायसंगत आम्दानी, कार्यस्थलको सुरक्षा, सामाजिक सुरक्षा, समान अवसरहरू, र श्रमिकका अधिकारहरू सुनिश्चित गर्छ । मर्यादित श्रमको अवधारणा चार मुख्य स्तम्भहरूद्वारा निर्देशित छन् जसमा रोजगारी सिर्जना,सामाजिक सुरक्षा,काममा अधिकार र सामाजिक संवाद ।



## अनौपचारिक श्रमिकहरूको अगुवाईमा  हाम्रो श्रम किन कम अभियान?

एक्सनएड अन्तर्राष्ट्रिय नेपालले आफ्नो छैटौं रणनीति (२०२४-२०२९) अन्तर्गत मर्यादित श्रम अभियानलाई अगाडि बढाएको छ। यो अभियान अनौपचारिक श्रमिकहरूको नेतृत्वमा स्थानीय, प्रदेश र संघीय तहसम्म श्रमिकहरूको आन्दोलनकोरूपमा  अगाडी बढिरहेको छ । नेपालको अनौपचारिक श्रम क्षेत्रका तीन प्रमुख क्षेत्रहरू–कृषि,  घरेलु श्रम, र निर्माणमा संलग्न श्रमिकहरूको अधिकार र न्याय सुनिश्चित गर्न अभियान तथा आन्दोलन केन्द्रित छ । एक्सनएडले आर्थिक न्यायको आधारमा मर्यादित श्रमलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ, जसबाट शोषित र वञ्चित श्रमिकहरूलाई न्यायमा पहुँच दिलाउने प्रयास रहनेछ । मर्यादित श्रम अभियानको उद्देश्य अनौपचारिक क्षेत्रका श्रमिकहरूका लागि न्यायसंगत, सुरक्षित र आत्मसम्मानयुक्त रोजगारी सुनिश्चित गर्नु हो । नेपालमा अस्थिर रोजगारी, आर्थिक शोषण, लैङ्गिक विभेद र असुरक्षित कार्य वातावरणका चुनौतीहरू समाधान गर्न अभियानले श्रमिकहरूको नेतृत्वमा न्यायपूर्ण पारिश्रमिक, सामाजिक सुरक्षा र समावेशी नीतिहरूको पक्षमा आवाज उठाउँनेछ । साथै तिनै तहका सरकार, श्रमिक संगठन र नागरिक समाजको सहकार्यमार्फत, अभियानले मर्यादित श्रमको सुनिश्चितता, सामाजिक न्याय र दिगो विकासलाई प्रवर्द्धन गर्दै अनौपचारिक क्षेत्रका श्रमिकका हक अधिकारको संरक्षण र न्याय सुनिश्चित गर्नेछ ।

अनौपचारिक महिला श्रमिकहरु सँग गरिएको श्रम सम्बन्धित सर्वेक्षणमा **३५९८** श्रमिकहरु मध्य ।

**१०.४५%**
श्रमिकहरूले न्यूनतम ज्याला पनि पाएका छैनन्।

**६.२%**
ले काम गरेबापतको ज्याला नै पाएका छैनन्।

**९७.९ %**
श्रमिकहरूलाई श्रम कानून र अधिकारसम्बन्धी जानकारी छैन।

**५३.६%**
ले महिला र पुरुषबीच समान कामका लागि समान ज्याला पाएको छैन भनेर बताएका छन् ।

**३०.६३%**
महिलाहरूले प्रत्यक्ष रूपमा हिंसा भोगेका छन्।

**यसले अनौपचारिक क्षेत्र कति मर्यादित छ र श्रमिकहरूको अवस्था कस्तो छ भन्ने कुराको यथार्थ चित्रण गर्छ।**

## मर्यादित श्रम अभियानको लक्ष्य:

अनौपचारिक श्रमिकहरूको अधिकार र न्याय सुनिश्चित गर्दै, निष्पक्ष र समान ज्याला, व्यावसायिक स्वास्थ्य तथा सुरक्षा, लैङ्गिकमैत्री र हिंसामुक्त कार्यस्थल, तथा सामाजिक सुरक्षा प्रणालीको ग्यारेन्टीमार्फत सबै प्रकारका लैङ्गिक असमानता र अन्यायको अन्त्य गरी श्रमिकहरूको कामको संसारमा सम्मानजनक जीवन जिउन सशक्त बनाउने हो।



## "अभियानको उद्देश्यहरू"

१. अनौपचारिक श्रमिकहरू, विशेषतः महिला श्रमिकहरूलाई सशक्त, एकीकृत र परिचालित गर्दै लैङ्गिक असमानता, ज्याला शोषण, कार्यस्थलमा हिंसा र आर्थिक अन्याय विरुद्धको सामूहिक आन्दोलन निर्माण गर्न अभियान र पैरवीमार्फत सक्षम बनाउने।

२. अनौपचारिक श्रमिकहरूका लागि न्यून, असमान तथा ज्याला नपाउने अवस्थाको अन्त्य सुनिश्चित गर्न प्रचलित कानून र नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्दै तीनै तहका सरकारहरूलाई जवाफदेही बनाउने।

३. अनौपचारिक श्रमिकहरूलाई विश्वव्यापी सामाजिक संरक्षण र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरूमा समावेश गर्दै उनीहरूको अधिकार र संरक्षण सुनिश्चित गर्ने।

४. अनौपचारिक श्रमिकहरूलाई सीप र अधिकारमा आधारित संघर्षको क्षमता प्रदान गर्दै राज्य संयन्त्र, प्रणालीगत निकायहरू र सरकारसँग श्रम अधिकारको अनुगमन गर्न, श्रमिकमैत्री नीति तथा श्रम अनुगमन संयन्त्र निर्माण गर्दै, लैङ्गिक उत्तरदायी सेवा सुनिश्चित गरेर कामको संसारमा आर्थिक न्याय प्राप्त गर्ने।



## अभियानका प्रमूख मागहरू :

१. अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई स्थानीय तहमा सूचीकृत गर्ने व्यवस्था संघीय श्रम ऐनमा गरि श्रम ऐन अनुसारको न्यूनतम र न्यायपूर्ण ज्याला सुनिश्चित गर्न ।

२. अनौपचारिक क्षेत्रका श्रमिकहरूको कामगर्ने कार्यस्थलमा न्यूनतम सुरक्षा सामग्री सहित सुरक्षित कार्यस्थलको सुनिश्चितता गर्ने ।

३. कामका सिलसिलामा घाइते हुँदा धेरै दिन काम गुमाउन बाध्य श्रमिकहरूलाई स्वास्थ्य तथा दुर्घटना बीमाको सुनिश्चितता गर्ने ।

४. अनौपचारिक क्षेत्रका श्रमिकहरू, विशेष गरी महिलाहरू यौन दुर्व्यवहार, शोषणका घटना तथा व्यवहारबाट गुज्रिन बाध्य छन् । साना बालबालिका भएका महिला श्रमिकहरूका लागि आवश्यक स्तनपान कक्ष, सफा खानेपानी, शौचालय, शिशु स्याहार केन्द्र व्यवस्था गरि महिला श्रमिकहरूका लागि सुरक्षित तथा आत्मसम्मानपूर्ण कार्यस्थलको सुनिश्चिता गर्ने ।

५. अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोगिरहेका शोषण तथा अन्यायको अनुगमन गर्नका लागि स्थानिय सरकारले नियमित रूपमा अनुगमन गर्ने स्पष्ट रूपमा श्रम अनुगमन संयन्त्र र कार्यविधि बनाउन ऐनमा व्यवस्था गरी शोषणमुक्त, सुरक्षित तथा सम्मानजनक कार्यस्थलको सुनिश्चितता गर्ने ।

६. अनौपचारिक क्षेत्रका श्रमिकहरूको सुरक्षित भविष्यको लागि न्यूनतम रोजगारीको सुनिश्चितता र योगदानमा आधारित सामाजिक सुरक्षामा अनिवार्य संलग्न गराउन माग गर्ने ।

एक्सनएड अन्तर्राष्ट्रिय नेपाल
अप्सरा मार्ग, लाजिम्पाट
वडा नं. ३, काठमाडौं, नेपाल
पो.ब.नं. ६२५७
फोनः +९७७ (०) १४०० २१७७
इमेलः mail.nepal@actionaid.org

Website: nepal.actionaid.org
Facebook: www.facebook.com/actionaid.nep
X: www.X.com/@actionaidnep
YouTube: ActionAid Nepal
LinkedIn: www.linkedin.com/company/actionaid-nepal